# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ४ प्रकाशन मितिः २०७७/०४/२६


## भाग २

त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०४/२३

प्रमाणिकरण मितिः २०७७/०४/२५

**प्रस्तावना :**

यस त्रिवेणी गाउँपालिका, रोल्पामा सञ्चालित शिक्षक विद्यार्थी अनुपात धेरै भएका, प्रचलित कानून तथा मापदण्ड बमोजिम अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक अपुग भएका वा उल्लेखित विषयका शिक्षक दरबन्दी नै नभएका नि. मा. वि. तथा मा. वि. तहका सामुदायिक विद्यालय र प्राविधिक धारको

शिक्षा विस्तार गरेका विद्यालयमा भएको शिक्षक अभावलाई **"चिनौं आफ्नो माटो, बनाऔं आफ्नै गाउँ"** अभियान मार्फत प्रविणता प्रमाणपत्र, स्नातक वा स्नातकोत्तर तह उतीर्ण गरेका युवालाई शिक्षण स्वयम्सेवकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गरी शिक्षक अभावको समस्यालाई अल्पकालिन रुपमा सम्बोधन गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाद्धारा यो **शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७** स्विकृत गरी लागु गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखी प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई त्रिवेणी गाउँपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(ख) "शिक्षण स्वयम्सेवक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त शिक्षण स्वयम्सेवक सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनु पर्दछ ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले त्रिवेणी गाउँपालिकाको शिक्षा समितिलाई सम्झनु पर्छ ।

(च) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले त्रिवेणी गाउँपालिकाको त्रिवेणी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

३. स्वयम्सेवक परिचालनको उद्देश्य तथा क्षेत्र : (१) शिक्षण स्वयम्सेवक परिचालनको उद्देश्य देहाय बमोजिम हुनेछ-

(क) विद्यालयको गणित, अंग्रेजी र विज्ञान विषयमा तथा प्राविधिक धारका शिक्षा विस्तार भएका विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु,

(ख) प्रविणता प्रमाणपत्र, स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेका शिक्षित युवालाई स्वयम्सेवा मार्फत गाउँपालिकाको सेवा गर्ने मौका उपलब्ध गराई व्यवहारिक तथा जीवनोपयोगी सीप एवं ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु,

(ग) युवा वर्गमा शिक्षण सीप, दक्षता र नेतृत्वको विकासको अवसर उपलब्ध गराउनु,

(घ) विद्यालयस्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुऱ्याउनु ।

(२) विद्यार्थीको अत्याधिक चाप भई शिक्षक अभाव भएका, अंग्रेजी, गणित र विज्ञान विषय शिक्षक अपुग भएका, त्यस्ता विषय शिक्षक दरबन्दी नै नभएका सामुदायिक विद्यालयय वा शिक्षक अभाव रहेका प्राविधिक धारको शिक्षा विस्तार गरेका विद्यालय शिक्षण स्वयम्सेवक परिचालनको क्षेत्र रहनेछन् ।

## परिच्छेद- २

## शिक्षण स्वयम्सेवकको छनौट प्रक्रिया, नियुक्ती तथा अवकाश सम्बन्धी व्यवस्था

४. स्वयम्सेवकको माग संकलन : गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले नि.मा.वि. तथा मा. वि. तहमा शिक्षक विद्यार्थी अनुपात धेरै भएका विद्यालय, प्रचलित कानून तथा मापदण्ड बमोजिम अंग्रेजी, गणित र विज्ञान विषय शिक्षकको संख्या अपुग भएका वा यस्ता विषय शिक्षक दरबन्दी नै नभएका विद्यालय र शिक्षक अभाव रहेको प्राविधिक धारको विद्यालयमा तत्काल आवश्यक रहेका अंग्रजी, गणित, विज्ञान र प्राविधिक धार तर्फका विषय शिक्षकको माग संकलन गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

५. स्वयम्सेवकको संख्या निर्धारण : गाउँ शिक्षा समितिले शिक्षा, युवा तथा खेलकुद शाखाबाट पेश भएको विषय शिक्षक मागको आधारमा विद्यालयमा हाल कायम रहेको शिक्षकको विषयगत स्थायी दरबन्दी, राहत तथा अनुदान कोटा, केन्द्रद्धारा वितरण गरिने शिक्षण सहयोग अनुदान तथा नीजि स्रोत दरबन्दी समेतलाई गणना गरी अंग्रेजी, गणित र विज्ञान विषय शिक्षकको प्रचलित कानुन तथा मापदण्ड बमोजिम दरबन्दी अपुग हुने विद्यालय र शिक्षक अभाव रहेका प्राविधिक धारका विद्यालयमा स्वयम्सेवक परिचालन गर्ने गरी विद्यालयगत रुपमा स्वयम्सेवक संख्या निर्धारण गरी स्विकृतिका लागि गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । गाउँ कार्यपालिकाको बैठकले पेश भई आएका विद्यालयगत शिक्षण स्वयम्सेवकको संख्याको सम्बन्धमा आवश्यक छलफल गरी टुंगो लगाई शिक्षण स्वयम्सेवकको पदपूर्तीको लागि सम्बन्धित विद्यालयलाई परिपत्र गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिनु पर्नेछ ।

६. स्वयम्सेवकको पदपूर्ती सम्बन्धी व्यवस्था :- (१) नेपाल सरकारको शिक्षण सिकाई वृद्धि अनुदान कोटामा कार्यरत तथा नीजि स्रोतमा हाल कार्यरत रहेका उच्च कार्यसम्पादन भएका नि.मा.वि. तथा

मा.वि. तहमा गणित, अंग्रेजी तथा विज्ञान विषयका विषय शिक्षकहरु शिक्षण स्वयम्सेवकको रुपमा कामकाज गर्न इच्छुक रहेको अवस्थामा निजहरुलाई उक्त पदमा स्वतः पदपूर्ती गरिनेछ । तर खुला परीक्षाबाट पदपूर्ती गर्नुपर्ने अवस्था भएको खण्डमा सम्बन्धित विद्यालयले शिक्षण स्वयम्सेवकको रुपमा सेवा गर्न चाहने व्यक्तिले आवेदन दिने प्रयोजनको लागि कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक गाउँपालिकाको वेभसाईट तथा गाउँपालिका र वडाको सूचना बोर्डमा समेत राख्नुपर्नेछ ।

(३) शिक्षण स्वयम्सेवकको रुपमा सेवा गर्न चाहने दफा ७ बमोजिमको योग्यता भएको व्यक्तिले अनुसूची - १ बमोजिमको ढाँचामा तोकिएको म्यादभित्र सम्बन्धित विद्यालयमा आवश्यक कागजातहरु समेत संलग्न राखी आवेदन दिनु पर्नेछ ।

७. स्वयम्सेवक हुन चाहिने योग्यता : स्वयम्सेवक हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) नेपाली नागरिक

(ख) कम्तिमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

(च) मान्यता प्राप्त शिक्षण संस्थाबाट नि. मा. वि. तहको लागि कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरको तथा मा. वि. तहको लागि कम्तिमा स्नातक उत्तीर्ण गरेको तर तोकिएको तहका लागि तोकिएको न्यूनतम योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता भएका व्यक्तिले प्राथमिकता पाउने ।

८. परीक्षा सञ्चालन तथा छनौट : (१) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले शिक्षण स्वयम्सेवक छनौटको लागि परीक्षा सञ्चालन गर्दा परीक्षा सञ्चालन सम्बन्धी सम्पूर्ण प्रक्रिया तथा मापदण्ड त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा ऐन तथा नियमावली अनुसार अवलम्वन गर्नुपर्नेछ ।

९. शिक्षण स्वयम्सेवकको नियुक्ती : (१) शिक्षण स्वयम्सेवकको नियुक्ती सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ती लिएको शिक्षण स्वयम्सेवकको नियुक्ती समर्थन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

(३) नियुक्ती भएको मितिले सात दिनभित्र विद्यालयमा हाजिर भई स्वयम्सेवकले शिक्षण कार्य प्रारम्भ गर्नुपर्नेछ । सो अवधिभित्र शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ती स्वतः बदर हुनेछ ।

(४) स्वयम्सेवकले कुनै कारणवश कार्यावधि पूरा नहुँदै सेवा छाड्नु पर्ने भएमा एक महिना अगावै सम्बन्धित विद्यालयलाई जानकारी गराउनु पर्नेछ । अन्यथा सोही अवधि बराबरको निर्वाह भत्ता कटौती गरिनेछ ।

(५) उपदफा (३) र (४) बमोजिम रिक्त स्थानमा सम्बन्धित विद्यालयले बाँकी अवधिका लागि मात्र वैकल्पिक सूचीको पहिलो नम्बरमा रहेको व्यक्तिसँग सम्झौता गरी नियुक्ती गर्न सक्नेछ ।

१०. सरुवा नहुने : स्वयम्सेवकले एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन सक्ने छैन ।

११. शिक्षण स्वयम्सेवकको काम, कर्तव्य र अधिकार : स्वयम्सेवकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पाठ्यक्रमले निर्धारण गरे बमोजिम अध्यापन, औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिकस्तर मूल्याङ्कन गर्ने,

(ख) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तथा विद्यालय प्रशासनले तोकेको अन्य कार्यहरु गर्ने ।

१२. स्वयम्सेवकको अवकाश सम्बन्धी व्यवस्था : (१) स्वयम्सेवकलाई देहाय बमोजिमको अवस्थामा प्रधानाध्यापकले अवकाश दिन सक्नेछ ।

(क) सम्झौता बमोजिमको अवधि समाप्त भएमा,

(ख) स्वेच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष एक महिना पूर्व लिखित निवेदन दिएमा,

(ग) शारीरिक अस्वस्थताका कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा,

(घ) खराब आचरण प्रदर्शन गरेमा,

(ङ) बिना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भए तापनि उपदफा (१) को खण्ड (च) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले प्रयाप्त आधार र प्रमाण सहित निर्णय गरेको स्वयम्सेवकलाई प्रधानाध्यापकले अवकाश दिन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद-४

## स्वयम्सेवकको सेवा शर्त र सुविधा

१३. स्वयम्सेवकको सेवा शर्त : (१) यस कार्यविधि बमोजिम नियुक्त भएका शिक्षण स्वयम्सेवकको म्याद नियुक्ती लिएको आर्थिक वर्षका लागि मात्र हुनेछ ।

(२) स्वयम्सेवकले नियुक्ती भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नु पर्नेछ ।

(३) स्वयम्सेवकले सम्झौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

१४. स्वयम्सेवकलाई दिइने सुविधा : (१) स्वयम्सेवकलाई अनुसूची - ३ बमोजिमको मासिक निर्वाह भत्ता दिइनेछ ।

१५. स्वयम्सेवकको बिदा : (१) स्वयम्सेवकले देहाय बमोजिमको बिदा पाउनेछ :-

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व बिदा,

(ख) आफ्नो रित र परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया बिदा ।

(२) स्वयम्सेवकको बिदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद- ५

## विभिन्न निकायको भुमिका

१६. गाउँ कार्यपालिकाको भुमिका : स्वयम्सेवक परिचालन सम्बन्धमा गाउँ कार्यपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) शिक्षण स्वयम्सेवकको सेवा सुविधाको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ख) शिक्षण स्वयम्सेवकहरुको अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदनको विश्लेषण गरी थप कार्ययोजना बनाउने ।

(ग) शिक्षण स्वयंसेवकको परिचालन तथा व्यवस्थापन सम्बन्धमा गाउँ शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा तथा विद्यालयलाई आवश्यक निर्देशन दिने ।

१७. गाउँ शिक्षा समितिको भूमिका : स्वयम्सेवक परिचालन सम्बन्धमा गाउँ शिक्षा समितिको भूमिका देहाय बमोजिम हुनेछ-

(क) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट पेश भएका शिक्षक मागको विवरणका आधारमा आवश्यकता र प्रचलित कानुनी मापदण्ड विश्लेषण गरी विद्यालगत रुपमा स्वयम्सेवक संख्या निर्धारण गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा समक्ष पेश गर्ने,

(ख) स्वयम्सेवक परिचालन तथा स्वयम्सेवकको कार्यसम्पादनको अनुगमन प्रतिवेदन विश्लेषण गरी सोही आधारमा शिक्षा, युवा तथा खेलकुद शाखा र सम्बन्धित विद्यालयलाई पृष्ठपोषण तथा सुधारका लागि निर्देशन दिने,

(ग) आगामी आर्थिक वर्षको लागि विद्यालयबाट माग हुने स्वयम्सेवकको संख्याको आवश्यकताको पुष्ट्याइँ सहित स्रोत व्यवस्थापन गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

(घ) शिक्षण स्वयम्सेवक परिचालन सम्बन्धी प्राविधिक कार्य गर्न आवश्यकतानुसार उप-समिति गठन गर्नसक्ने ।

१८. शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका : स्वयम्सेवक परिचालन सम्बन्धमा शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) शिक्षण स्वयम्सेवकको नियुक्ती समर्थन गर्ने,

(ख) स्वयम्सेवकको निर्वाह भत्ता वापतको रकम एकमुष्ट रुपमा विद्यालयलाई निकासा गर्ने,

(ग) स्वयम्सेवकको कार्यको समन्वय तथा सहजीकरण गर्नुका साथै कार्यसम्पादनको अनुगमन र मुल्यांकन गर्ने, गराउने,

(घ) विद्यालयगत रुपमा स्वयम्सेवकको विवरण अध्यावधिक गरी राख्ने,

(ङ) आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने स्वयम्सेवक संख्याको माग संकलन गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्ने ।

(च) शिक्षण स्वयम्सेवक शिक्षकको संख्या र शिक्षण विषयको पहिचान गर्न गाउँ शिक्षा समितिलाई विवरण उपलब्ध गराउने,

१९. विद्यालयको भुमिका : स्वयम्सेवक परिचालन सम्बन्धमा विद्यालयको भुमिका देहाय बमोजिम हुनेछ :-

(क) त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा ऐन तथा नियमावली अनुरुप शिक्षण स्वयम्सेवकको परीक्षा सञ्चालन गरी सफल उम्मेद्धारलाई नियुक्ती तथा हाजिर गराई सो को जानकारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा गराउने,

(ख) स्वयम्सेवकको जिम्मेवारी बाँडफाँड र आचार संहिता कार्यान्वयन गराउने,

(ग) स्वयम्सेवकको कार्यसम्पादनको नियमित अनुगमन र मुल्यांकन गरी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा मासिक रुपमा प्रतिवेदन पेश गर्ने,

(ग) आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने स्वयम्सेवक संख्याको आवश्यकताको पुष्ट्याइँ सहित प्रमाणित गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने ।

## परिच्छेद - ६

## विविध

२०. स्वयम्सेवकले पालना गर्नुपर्ने आचारसंहिता : स्वयम्सेवकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ :-

(क) आफुले गरेको सम्झौता अनुसारका कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर गर्ने र बिदाको अग्रिम रुपमा अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,

(घ) नेपाल सरकार तथा स्थानीय सरकारको विद्यमान नीति र व्यवस्थाको प्रतिकूल हुने गरी कुनै पनि कार्य नगर्ने,

(ङ) सम्बन्धित निकायको नियम र कानून विपरीतको कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमानदार, शिष्ट, नम्र पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने ।

(ज) निर्वाह भत्ता बाहेक अन्य कुनै प्रकारको सेवा, सुविधा तथा सेवाको निरन्तरता दाबी नगर्ने ।

२१. प्रमाणपत्र दिनुपर्ने : स्वयम्सेवकहरुले सम्झौता बमोजिमको कार्यावधि पूरा गरेपछि सम्बन्धित विद्यालयले अनुसूची - ४ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिनु पर्नेछ ।

२२. अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था : (१) स्वयम्सेवकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ ।

(२) प्रधानाध्यापकले उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन मासिक रुपमा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ ।

(३) प्रधानाध्यापकद्धारा स्वयम्सेवकले गरेका कार्यको नियमित अनुगमन भए, नभएको विषयमा आवश्यकता अनुसार गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले स्थलगत अनुगमन गर्न सक्नेछ ।

(४) शिक्षा युवा तथा खेलकुद शाखाले विद्यालयका स्वयम्सेवकहरुको कार्यसम्पादनको सम्बन्धमा अर्धवार्षिक रुपमा शिक्षा समितिको बैठकमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२३. बाझिएमा अमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची १

**(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)**

**शिक्षण स्वयम्सेवकको लागि आवेदन फारमको ढाँचा**

| |
|---|
| उम्मेद्वारको दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको फोटो |

(क) उम्मेद्वारले सेवा गर्न चाहेको विषय :

(ख) उम्मेद्वारको वैयक्तिक विवरण :

| | | | | |
|---|---|---|---|---|
| उम्मेद्वारको | नाम, थर | (देवनागरीमा) : | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) : | | लिङ्ग : |
| | नागरिकता नं. | जारी गर्ने जिल्ला : | | जारी मिति : |
| स्थायी ठेगाना | (क) जिल्लाः | (ख) न.पा./गा.पा : | | (ग) वडा नं. : |
| | (घ) टोल : | (ङ) मार्ग/घर नं. : | (च) फोन नं. : | |
| पत्राचार गर्ने ठेगाना : | | | ई-मेल : | |
| बाबुको नाम, थर : | | | | |
| आमाको नाम, थर : | | | | |
| बाजेको नाम, थर : | | | | |
| पति/पत्नीको नाम, थर : | | | | |
| जन्म मितिः | (वि.स.मा) : | (ईस्वी सन्मा) : | हालको उमेर : वर्ष महिना | |

(ग) शैक्षिक योग्यता सम्बन्धी विवरण :

| क्र.स. | विश्वविद्यालय/बोर्ड/संस्था | शैक्षिक उपाधी | संकाय | श्रेणी/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

| शिक्षण स्वयम्सेवकको रुपमा पूर्ण जिम्मेवारीका साथ कामकाज गर्न मञ्जुर गर्ने | | | |
|---|---|---|---|
| उम्मेद्वारको ल्याप्चे सहिछाप | | उम्मेद्वारको दस्तखत | मिति |
| दायाँ | बायाँ | | |

(घ) संलग्न कागजातहरु :

(१) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,
(२) सबै तहको शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।
(३) शिक्षण अनुमति-पत्र प्राप्त गरेको भएमा सो को प्रमाणित प्रतिलिपि ।
(४) एक वर्ष वा सो भन्दा बढी अवधिको सोही क्षेत्रमा अनुभव भए सोसँग सम्बन्धित नियुक्ती-पत्र तथा अनुभवको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।

**अनुसूची -२**

**(दफा १२ को उपदफा (२) संग सम्बन्धित)**

**(शिक्षण स्वयम्सेवकसंग विद्यालयले गर्नुपर्ने सम्झौता-पत्रको ढाँचा)**

श्री ............................................... विद्यालय (यसपछि "प्रथम पक्ष" भनिनेछ) र ...................... जिल्ला ................. गाउँपालिका वडा नं. ................ स्थायी ठेगाना भई हाल ............................................. बस्ने श्री ...................................... (यसपछि "दोस्रो पक्ष" भनिनेछ) बीच शिक्षण स्वयम्सेवकको रुपमा मिति ........................... देखी मिति .......................... सम्म ........................... विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता-पत्र ।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :**

(क) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७ बमोजिम निर्वाह भत्ता बापतको रकम उपलब्ध गराउने,
(ख) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७ बमोजिम स्वयम्सेवकले पाउने बिदाको सुविधा उपलब्ध गराउने,
(ग) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७ बमोजिम स्वयम्सेवकको आचारसंहिता पालना गराउने,
(घ) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७ बमोजिमको जिम्मेवारी दिई कार्यसम्पादनको नियमित अनुगमन तथा मुल्यांकन गर्ने ।

**(२) दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु :**

(क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागी हुनुपर्ने,
(ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने,
(ग) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७ बमोजिम स्वयम्सेवकको आचार संहिता पालना गर्ने,
(घ) निर्वाह भत्ता बाहेक अन्य कुनै प्रकारको सेवा, सुविधा तथा सेवाको निरन्तरता दाबी नगर्ने ।

**दोस्रो पक्षको तर्फबाट**

नाम :
ठेगाना :
दस्तखत
मिति :

**प्रथम पक्षको तर्फबाट**

नाम :
पद :
दस्तखत :
मिति :

**रोहबर**

नाम :
पदः
दस्तखत :
मिति :

**रोहबर**

नाम :
पदः
दस्तखत :
मिति :

**अनुसूची ३**

**(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)**

**(स्वयम्सेवकले पाउने निर्वाह भत्ता)**

| क.स. | तह | निर्वाह भत्ता रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | नि. मा. वि. | १५,०००/- | |
| २. | मा. वि. | २०,०००/- | |
| ३. | प्राविधिक धार तर्फ | २९,०००/- | |

**अनुसूची ४**

**(दफा २४ सँग सम्बन्धित)**

**(शिक्षण स्वयम्सेवकलाई दिइने प्रमाण-पत्रको ढाँचा)**

विद्यालयको नाम ...............

ठेगाना ..........................................

**प्रमाण-पत्र**

................. जिल्ला .................... गाउँपालिका वडा नं. .... स्थायी ठेगाना भएका श्री ............................................ ले त्रिवेणी गाउँपालिका वडा नं. .... स्थित यस श्री .................................. विद्यालयमा मिति ..................... देखि ........................... सम्म ......................... विषयको शिक्षण गर्नु भएकोले यहाँको शिक्षण स्वयम्सेवक सेवाको उच्च मूल्याङ्कन गरी शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७७ को दफा २४ बमोजिम यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

भविष्यमा पनि त्रिवेणी गाउँपालिकाको **"चिनौँ आफ्नो माटो, बनाऔँ आफ्नै गाउँ"** अभियानमा यहाँको अमूल्य योगदान रहने विश्वास सहित यस विद्यालय परिवार तपाईको उज्वल भविष्यको कामना गर्दछ ।

मिति : .................................. ...............................
प्रधानाध्यापक

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत